समिति परामर्श तथा समन्वय उपसमितिबाट भएको सहमति

१. विद्यालय शिक्षा विधेयक सम्बन्धी उपसमितिको प्रतिवेदनमा शिक्षकको बढुवा अन्तर्गत समावेश भएको आन्तरिक प्रतियोगिता र आवधिक बढुवाको सट्टा देहाय बमोजिमको व्यवस्था राख्ने:

१. आन्तरिक प्रतियोगिता
२. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन
३. कार्यक्षमताको मूल्याङ्कन

२. उपसमितिको प्रतिवेदनमा शिक्षकको पदपूर्ति सम्बन्धी प्रस्तावित तालिकाको सट्टा देहायको तालिका राख्ने:-

श्रेणी	खुला प्रतियोगिताद्वारा	बढुवाद्वारा		
		आन्तरिक प्रतियोगिता	जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन	कार्यक्षमताको मूल्याङ्कन
तृतीय	१०० प्रतिशत	-	-	
द्वितीय	-	२० प्रतिशत	४० प्रतिशत	४० प्रतिशत
प्रथम	-	१० प्रतिशत	४५ प्रतिशत	४५ प्रतिशत

(ख) माध्यमिक तह अन्तर्गत

श्रेणी	खुला प्रतियोगिताद्वारा	बढुवाद्वारा		
		आन्तरिक प्रतियोगिता	जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन	कार्यक्षमताको मूल्याङ्कन
तृतीय	८०	२०	-	-
द्वितीय	-	२० प्रतिशत	४० प्रतिशत	४० प्रतिशत
प्रथम	-	१० प्रतिशत	४५ प्रतिशत	४५ प्रतिशत

३. शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको गणना गर्दा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन औसतमा नब्बे प्रतिशत प्राप्त गरेको हुनुपर्ने प्रतिवेदनको प्रस्तावित व्यवस्थाको सट्टा असी प्रतिशत गर्ने

४. नेपाल शिक्षक महासंघको पदाधिकारीको हैसियतले पाउने काजको सम्बन्धमा

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल शिक्षक महासंघको सदस्य रहेको शिक्षक प्रधानाध्यापकमा नियुक्त भएमा निजको सदस्यता निज प्रधानाध्यापक रहेसम्म स्वतः निस्कृय हुनेछ र निज प्रधानाध्यापक रहँदासम्म महासंघको तर्फबाट कुनै गतिविधि गर्न पाउनेछैन।

(५) नेपाल शिक्षक महासंघको सदस्य भएको कारणले त्यस्तो सदस्यले थप सेवा सुविधा प्राप्त गर्न र आफ्नो जिम्मेवारी वा दायित्व निर्वाह गर्नबाट कुनै किसिमको छुट पाउने छैन । *(यहाँ रहेको काज भन्ने शब्द झिकिएको)*

(६) नेपाल शिक्षक महासंघको संस्थागत विकास तथा शैक्षिक सुधार सम्बन्धी गतिविधि सञ्चालन गर्न नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी नेपाल शिक्षक महासंघले तोकेका दुई जना पदाधिकारीलाई एक वर्षमा बढीमा दुई महिनासम्म काजको

व्यवस्था गर्न सकिनेछ। त्यस्तो काजमा रहेको नेपाल शिक्षक महासंघको पदाधिकारीले मन्त्रानलयले तोकेको निकाय वा विद्यालयमा नियमित हाजिर हुनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम नेपाल शिक्षक महासंघको पदाधिकारीलाई काजमा राख्दा नेपाल सरकारले बालबालिकाको पठनपाठनलाई असर नपर्नेगरी वैकल्पिक शिक्षकको व्यवस्था गरी राख्नुपर्नेछ।

(८) यस दफा बमोजिम गठन भएको नेपाल शिक्षक महासंघले वर्षभरी विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षकको पेशागत क्षमता अभिवृद्धि लगायतका विषयमा सम्पादन गरेका रचनात्मक क्रियाकलाप समावेश भएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।"

५. पूर्ण छात्रवृत्ति सम्बन्धी व्यवस्था अन्तर्गत

पूर्ण छात्रवृत्ति सम्बन्धी व्यवस्था: (१) निजी लगानीमा सञ्चालित विद्यालयले शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम प्रदान गर्नुपर्ने छात्रवृत्ति पूर्ण छात्रवृत्तिका रूपमा उपलब्ध गराउनु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "पूर्ण छात्रवृत्ति" भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने सुविधा सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति अन्तर्गतको पोशाक सुविधा उपदफा (६) बमोजिमको गरिब तथा विपन्न विद्यार्थीको लागि मात्र उपलब्ध गराइनेछ।

(३) विद्यालयले प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा प्रचलित कानूनमा तोकिएको भन्दा कम नहुनेगरी छात्रवृत्तिको लागि विद्यार्थीको सिट संख्या निर्धारण गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा सोको विवरण पठाउनु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको सिट संख्या प्राप्त भएपछि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एकीकृत गरी छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीको लागि सार्वजनिक रुपमा आव्हान गर्नुपर्नेछ र त्यस्तो सूचना गाउँपालिका वा नगरपालिकाको वेवसाइट तथा सूचना पाटीमा समेत राख्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना बमोजिम छात्रवृत्तिको लागि आवेदन दिने विद्यार्थीले आफूले अध्ययन गर्न चाहेको विद्यालयको प्राथमिकताक्रम उल्लेख गरी निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पारदर्शी, निष्पक्ष तथा समावेशी सिद्धान्तको आधारमा पचास प्रतिशत गरिब तथा विपन्न र पचास प्रतिशत जेहेन्दार विद्यार्थी छनौट गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली सार्वजनिक गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम विद्यार्थीको छनौटका लागि एकरुपता कायम गर्न मन्त्रालयले विद्युतीय प्रणालीको विकास गर्नेछ र गाउँपालिका वा नगरपालिकाले विद्यार्थी छनौट गर्दा उक्त प्रणालीको अवलम्बन गर्नुपर्नेछ ।

(८) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

६. विधेयकको दफा १४० दफाक्रम मिलाउँदा कायम हुने दफा १४१ मा रहेको नेपाल सरकारको जिम्मेवारी तथा दायित्व अन्तर्गत देहायको विषय थप गर्ने:-

"परम्परागत शिक्षाको गुणस्तर सुधार तथा मुलप्रावहीकरण गर्ने सम्बन्धी कार्य।"